# बिन्दबासिनी गाउँपालिका

## पर्सा

## प्रदेश नं. २

# नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७६/०७७

गाउँसभाबाट स्वीकृत मिति : २०७६।७।०७ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५,६६ र ६७ बमोजिम गठित क्रमश स्थानीय राजस्व परामर्श समिति , श्रोत अनुमान तथा बजेट सीमा निर्धारण

समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त प्रतिवेदनहरुलाई मध्यनजर गरी स्थानीय जनतालाई सुलभ,गुणस्तरीय र पार्दशी सेवाप्रवाह गर्नको लागि तथा दिगो बिकासको अवधारण अनरुप समाजवादउन्मूख शासन प्रणालीलाई ब्यवस्थीत गर्न श्री राष्टिय योजना आयोगको चौधौह योजना र संयूक्त राष्ट संघको Sustainable Development Goals कामानयता: गरिबी निवारण ,गुणस्तरीय शिक्षा आदि समेतको मान्यतालाई ध्यानमा राखी यस बिन्दबासिनी गाउकार्यपालिकाले स्वीकृतीको लागि गाउँ सभामा पेश गरेको छ । यस गाउँपालिकाको बजेट निर्माण गर्ने क्रममा चालू आ व को नीति तथा कार्यक्रमको प्रस्ताव तयार तथा प्राथमीकिकरण गर्ने कार्यको निमित यस समितिले आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा यो प्रतिवेदन पेश गरेको छ । नवगठित गाउँपालिकामा जनशक्ति अभाव, पर्याप्त ऐन, कानून समेत भइनसकेको बिन्दबासिनी गाउँपालिकाको सर्वाँगीण विकासमा सहयोग पुर्याउनेछ भन्ने आश लिएको छु ।यो नीती तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने तथा अमूल्य विचार तथा सुझाव दिनुहुने यस समितिका सदस्यहरु तथा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले गाउपालिकाका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

प्रस्तावित मूल नीति तथा कार्यक्रमहरु यस प्रकार रहेका छन ।

१. मुलभूत नीति तथा कार्यक्रमः
   १. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित गाउँसभा बाट पारित पारित गरी आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष दिलाइनेछ ।

२. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्दि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल निर्माण गरी गाउँपालिकाको बहु वर्षीय गुरू योजना तयार गरिनेछ ।

३. समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लगत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ ।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहना, अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

५. कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी, बाली, नगदेवाली, फलफुल, नर्शरीहरुलाई संरक्षण, संबर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय तरकारी, फलफुल, नगदेवाली उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

६. (क) बिन्दबासिनी गाउँवासीको जीवनस्तरमा सुधार ल्याउन कृषि उपजमा आधारित उद्योग तथा कलकारखानाहरुको क्रमश स्थापना तथा विकासका लागि आवश्यक पहल गर्दै लगिनेछ ।

७. एक वडा एक उत्पादन (owop) कार्यक्रम मार्फत रोजगारी वृद्धि . उत्पादन बृद्धि तथा कृषीलाइ व्यवथापिकरण तर्फ लगिने छ.।

८. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

९. कृषि उपज र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई आत्मसात गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।

१०. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी ब्नाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ।

११. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, साधन लगायतको संरक्षण र सम्वर्द्धन गर्न गाउपालिका स्तरीय ,जिल्ला स्तरीय ,प्रदेश स्तरीय तथा केन्द्र स्तरीय निकायहरू संपहल गरिने छ ।

१२. बालविवाह तथा बालश्रम एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता बिकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

१३. सामाजिक सूरक्षा कार्यक्रम तर्फ यस कार्यक्रमलाई अझै भरपर्दो, विश्वसनीय तथा अपन्तवको भावनाको बिकास सहज बनाउन बैँकिङ प्रणाली (Banking System ) मार्फत सामाजिक सुरक्षा वितरण गर्ने व्यवस्था मिलाइनेछ। साथै अशक्त, असहायहरुको हकमा मात्र घरमै बसी भत्ता थप्ने व्यवस्थाको लागि विशेष पहल गरिनेछ ।

१४. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिवृद्धि गर्न सेवाको गुणस्तरमा अभिबृद्ध मिलाइनेछ ।सीपमुलकयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१५. स्वस्थ्य अनुशासित तथा सिर्जनशिल युवा शक्ति युवा उत्पादन गर्न खेलकुद क्षेत्रको विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।

१६. गाउँपालिकालाई वातावरणमैत्री, बालमैत्री, प्रविधिमैत्री, अपाङ्गमैत्री, लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।

१७. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको सयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागु गरिनेछ

१८. गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service With Smile) को नीति अवलम्बन गरिनेछ ।

१९. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालै सुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

२०. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।

२१. प्रशासनिक कामकारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई घटाइनेछ । लामो र झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ ।

२२. आवधिक योजनाहरु विकास गर्नका लागि गाउँपालिका स्तरीय आवधिक योजना (Rural MunicipalPeriodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

२३. सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी संघ संस्थाहरुको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण प्रकृयालाई कडाईका साथ लागु गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२४. यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, बिभिन्न कृषि समुह, महिला समुह, आमा समुह, क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गरि करको दायरामा ल्याइनेछ ।

२५. गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ ।

२६. गाउपालिका लाई प्लास्टिक ,रसायन मुक्त बनाइ Organic खेतीमा विशेष जोड दिईने छ ।

२७. "आफ्नो गाउपालिका, आफैं बनाउँ" भन्ने मूल नीति अवलम्बन गरिनेछ ।

२८. गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा ५% योजना सँचालन खर्च (Contingency Cost) काटिनेछर सीमा बिकाश कार्यक्रममा २% हुनेछ ।

२९. गाउँपालिका भित्र संचालनमा रहेका योजनाहरुको विशेष अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन गरी योजना सम्झौता बमोजिम कार्यान्वियन नगर्ने कम्पनि, ठेकेदार, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई कानुनको दायरमा ल्याई कारवाहि प्रकृया अगाडी बढाइनेछ साथै सम्झौता बमोजिमको काम नभएको देखिएमा क्षतिपूर्ति कारवाहीको दायरामा ल्याइनेछ ।

३०. गाउपालिका भित्र संचालनमा रहेका भौतिक योजनाहरुको लागि ठेकेदार संग १० % धरौटी र उपभोक्ता समिति मार्फत गर्ने कार्यहरुमा ५ % धरौटी लिनेछ ।

३१. गाउपालिकालाई कामको प्रकृति अनुरुप आवश्यक परेको खण्डमा कर्मचारी ( करार सेवा , सेवा करारमा प्रतिष्पर्धाको आधारमा भर्ना गर्न सकिने छ ।

३२. सामाजिक परिचालकको सम्बन्धमा उत्कृष्ट कार्यसम्पादन भएका लाई आन्तरिक स्रोत बाट बजेटको व्यवस्था मिलाई भर्ना गर्न सकिने छ ।

३३. गाउपालिकाले संचालनगर्ने जस्तो सुकै योजनाहरुलाई प्राथमिकताको आधारमा( on the basis of priority , $p_1p_2$............) संचालनग रिने ।

३४. गाउपालिकाको लागिआवश्यक पर्ने कार्यालय संचालनको लागि सवारी साधन ,हेभीइक्यूमेन्ट ,एमबुलेन्स खरीद गर्न सक्नेछन ।

३५. बजेट अपुग रहेका योजनाहरुलाई आन्तरिक श्रोतबाट पनि अपुग हुनगएमा दातृ निकाय,प्रदेश सरकार र केन्द्र सरकार संग समनवय गरी बजेट मागं गरिनेछ ।

३६. बालबिबाह ,बालश्रम ,दाईजो प्रथा सामाजिक अन्धविश्वास जस्ता सामाजिक कुरीतिहरु लाइृ निरुतसाहित गर्न कार्यकम गर्ने छ ।

३७. बिभिन्नदातृ निकायIngo/Ngo द्वारा संचालित बहुलक्षित बहुमुखी र बहुनतिजावान कार्यकमहरु संचालनको लागि समपुरक कोष matching fund को व्यवस्थागर्न ।

३८. सामाजिक सुरक्षा कार्य कमतर्फ यस कार्यकमलाई अझ भरपर्दो बिश्वसनीय तथा अपन्तवको भावनाको बिकास सहज बनाउन बैकिंग प्रणाली मार्फत सामाजिक सुरक्षा बितरण गर्ने व्यवस्था मिलाइने छ ।साथै अशक्त,असहायहरुको हकमामात्र घरमा बसी भता थाप्ने व्यवस्थाको लागि समन्वय गरिने छ ।

३९. बिधालयबाट बाहिर रहेका बालबालिकाहरुको लागि बालिका शिक्षामा पहुच कार्यक्रम gate ,भाई बहिनीहरुका लागि बहिनीका लागि दिदी कार्यक्रमहरु संचालन गरिने ।

४० गाउपालिकाका सबै वडाहरुलाइ चालु आर्थिक वर्ष भित्र खुला दिशा मुक्त (ODF) घोषणा गरिनेछ ।

४१ गाउपालिकालाई पूर्ण साक्षर गराउन आवश्यक कार्यविधि अवलम्बन गरि आवश्यक कदम चालिने छ

## २. नीति तथा क्षेत्रगत कार्यक्रमः

### १. आर्थिक विकास कार्यक्रम

- **कृषि तथा पशु विकासः**
- तरकारीबाली उत्पादनलाई प्रोत्साहन गर्न तरकारी उत्पादक किसानहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिने छ ।
- स्थानीय कृषकहरुलाई विऊविजनमा सहज पहुँच अभिवृदि गर्न विभिन्न विउविजनहरु वितरण गरिनेछ साथै Spray Tank वितरण गरिनेछ ।
- कृषकहरुलाई कृषि कार्यमा सहयोग पुर्याउने हेतु कृषिको विद्युतीकरण (Electrification of Agriculture) क्रमशः गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र एउटा घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।

- स्थानीय कृषकहरुलाई घाँसको परनिर्भरताबाट मुक्त गर्न कम्तिमा एउटा घाँसेबाली स्रोतकेन्द्र स्थापना गरिनेछ ।
- कृषकहरुलाई पशुपालनबाट आत्मनिर्भर बनाउन उन्नत जातको पशुपालन आय आर्जन गर्ने तथा कृत्रिम पशु गर्भाधारण समेतको व्यवस्था गरी नश्ल सुधार गरिनेछ ।
- पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोगव्याधिको निदान गरी आवश्यक औषधिको वितरणको व्यवस्था मिलाईनेछ साथै पशु पालन गरेकै ठाउँमा गई पशुपंक्षीहरुको रोग निदान गर्न कम्तिमा २ पटक पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशु प्राविधिकहरुलाई आम नागरिकको घरमै गई सेवा प्रवाह गर्न मोवाईल सेवा (Mobile service) परिचालन गरिनेछ ।
- कृषिको यान्त्रिकिकरणका लागि कृषि मैत्री औजार उनन्त प्रबिधि एवम सुलभ कृषि कर्जाको व्यवस्था गरिने छ
- खेति योग्य जग्गालाई बाझो राखने प्रवृति निरुत्साहित गर्दै बझोरहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरि कार्य योजना गरिने छ
- कृषिमा आश्रित उधोगहरु , सेवा तथा ग्रामिण कृषि पर्यटनको बिकासमा युवा तथा कृषक उधमीहरुलाई आकर्षित गरिनेछ
- प्रांगारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एवम उत्पादन बृदि गरि उत्पादित प्रांगारिक वस्तुको ब्राण्ड प्रवर्द्धन गर्दा रास्ट्रिय तथा अन्तरास्ट्रिय स्तरमा समेत बजारीकरणको लागि प्रयास गरिने छ .
- **पर्यटन:**

• स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न बिन्दबासिनी गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ । यस गाउँ क्षेत्रका पर्यटकीय महत्व बोकेका सँरचनाहरुको पहिचान तथा विकास गरि आर्थिक उपार्जनको रुपमा प्रवर्द्धन गरिनेछ ।

उधोग तथा वाणीज्य

- घरेलु ,साना,मझौला तथा ठुला उधोगलाइ प्रोत्साहन गर्न खालका भाबि योजनाहरुतर्जुमा गरि कार्यन्वयन गरिनेछ

सहकारी

- यस गाउपालिका अन्तरग रहेका तथा भाभी समयमा खुल्ने सहकारी संस्था हरुको प्रवर्द्धन तथा बिकासको लागि रास्ट्रिय सहकारी नीति २०६९ अवलम्बन गरिने छः

२. सामाजिक बिकासः

- शिक्षाः
- जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ ।साथै शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिको साझा विद्यालय आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- लोकसेवा आयोगको तयारी कक्षा संचालन गरिने छ ।
- विद्यार्थीहरुमा सूचना प्रविधिको पहुँच अभिवृद्दि गर्न सम्पुर्ण माध्यमिक विद्यालयहरुमा कम्प्युटर शिक्षाको व्यवस्था गरिनेछ ।

- यस गाउँपालिकाअन्तर्गत रहेका बिधालयहरुमा आवश्यकपर्ने भौतिक पुर्बधार बिकाशको लागि पहल गरिने छ ।
- बिधालयमा शिक्षक दरबन्दी मिलान गरिने छ ।
- सामुदायिकबिधालयकाछात्राहरु मध्ये उत्कृट छात्रालाई समानतथाप्रोत्साहन सवरुप साईकिल प्रदान गरिने छ ।
- गाउपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयहरुमा छात्र र छत्राको छुटा छुटै शौचालयको व्यवस्था गरि ,पानिको सुलभ व्यवस्था गर्दै मा.वि.बिधालयहरुमा छात्राहरुको लागि Pad व्यवस्थापन गर्ने व्यवस्था गरिने छः
- बाल विकास केन्द्रको कक्षा कोठा बालमैत्री हुने गरि निर्माण तथा बालमैत्री सामाग्री द्वरा व्यवस्थापन गर्ने
- बालविकास केन्द्रका शिक्षिकाहरुलाई बालविकास केन्द्र लाई अझै व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि आवश्यक तालिमको व्यवस्था गर्ने
- Gender balance violence(GBV) तथा Gender Equality and social inclusion(GESI) लाई प्राथमिकता साथ सामुदायिक स्कुलहरुमा लागु गरिनेछ
- गाउपालिकाका सबै बिधालयहरुलाई बिधयालय शान्ति क्षेत्र (School zone of pceace ) घोसणा गर्ने आवश्यक अभियान संचालन गर्ने
- विज्ञान क्षेत्र को विकास को लागि आवश्यक उपकरणहरुको व्यबस्था तथा प्रयोग लाई ध्यान दिदै आवश्यक कार्यक्रम सन्चालन गरिनेछ
- अंग्रेजी, विज्ञान र गणीत विषयको दौतरी तथा Coaching, को माध्यम बाट कक्षाहरु संचालन गरिनेछ .

- गाउपालिका अन्तरगतका विद्यालयहरुको आवश्यक पूवधार निर्माण गरि उच्च शिक्षाको लाई पहल गरिने छ

- स्वास्थ्य:
- गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरिने छ ।

छ । सो को पूर्वाधार निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ । कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकाय सँग आवश्यक पहल गरिनेछ । प्रसुति सेवालाई व्यवस्थित गर्न Birthing Center लाई विस्तार गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको थप सेवा पुरयाए वापत भत्ता उपलब्ध गाराइनेछ र क्षमता अभिवृद्रि गर्दै वडा, वस्ति, टोलस्तरमा उनीहरुको सिप, दक्षता, अनुभवको उच्चतम प्रयोग गर्दै खोप केन्द्रहरुलाई व्यवस्थित ढंगले संचालन गरिनेछ ।
- ६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई गरिनेछ।
- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको ३५ प्रकारका औषधिहरुलाई बाह्रै महिना चौविसै घन्टा निशुल्क रुपमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

- गाउँपालिका भरिका सम्पुर्ण नागरिकलाई स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न बर्षमा एकचोटी गाउँपालिका स्तरीय स्वास्थ्य शिविर संचालनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र भएका एम्बुलेन्सको उचित व्यबस्थापन गर्न सम्बन्धित निकाय लाई नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- गाउँपालिकालाई पूर्ण खोप क्षेत्र घोषणागर्न आवश्यक कार्य गरिने छ ।

- **खानेपानी तथा सरसफाईः**
- स्वच्छ खानेपानिमा बिन्दबासिनबासीको पहुँच अभिवृद्धि गरिनेछ । प्रत्येक वडामा आबश्यक चापा कल (Hand pipe) को व्यवस्थापन गरिने छ ।
- **संस्कृति प्रवर्द्धनः**
- बिन्दबासिनी गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ ।
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्तु , संरचना, मठ मन्दिर, मस्जीद, दरगाह, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण तथा मर्मत सम्भार गरिनेछ ।
- स्थानीयभाषा (भोजपुरी ) को संरक्षण ,सबर्दन र बिकासको लागिकार्यकम संचालनगरिनेछ ।
- **लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**
- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैँगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।

- यसै गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला, बालबालिका, फरक क्षमता भएका, ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, अपाङ्ग, बालबालिका, अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक वर्ष गाउँपालिकाका १० वटा जेष्ठ नागरिकको लागि सम्मान कार्यक्रम सँचालन गरिनेछ ।
- लैंगिक समतामूलक कार्यक्रम संचालन गरिनेछ ।
- गाउपालिकाअन्तर्गतकाबौद्धिक समाज ,बुद्धिजिवी ,जेष्ठ नागरिक ,एकलमहिला जस्ता सामाजिक क्षेत्रमाउलेख्नीय योगदानदिने ब्यतीलाई उचित समान र पुरस्कारको व्यवस्थागरिने छ ।

३. **पूर्वाधार विकासः**

- **सडक तथा पुलः**
- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ ।
- गाउँपालिका सम्पूर्ण क्षेत्र भित्र नाला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ लगिनेछ ।
- गाउपालिका अन्तरग गाउपालिका भवन तथा वडा कार्यालयको भवन निर्माणको लागि आवशयक व्यवस्थाको लागि पहल गरिने छ ।
- भौतिक संरचना सुधार गरि गाउपालिका अन्तरगत आवशयक कलभट पुल पानि निकाशको लागि Damp आदि संरचनाको बिकाश गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुमा पर्यटकहरुको आगावमनमा सहज पहुँचको व्यवस्था गर्न सडक संजालको व्यवस्था गरिनेछ ।

- सिंचाई:
- खेतियोग्य सुक्खा जमीनमा आधुनिक प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सिचाईका लागि आवश्यक दमकल ( pumping set ), बोरिङ, मोटर आदि किसानलाई सहुलियत अनुदानमा उपलब्ध गराइनेछ ।
- भवन निर्माण :
- गाउँपालिका भित्र अब निर्माण हुने सम्पुर्ण घर भुकम्प प्रतिरोधि मात्र बनाइनेछ ।
- निजी उपभोगमा रहेको सार्वजनिक सम्पतिलाई गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ ।
- उर्जा
- उर्जा क्षेत्रको बिकासको लागि बैक्लपिकउर्जा जस्तै सोलार ,प्राकृतिकग्यास जस्ता श्रोत पहिचान गरी गाउपालिका क्षेत्र भित्रलागु गरिने छ ।
- अतिबिपन्न ;लक्षितवर्ग एकलमहिलातथा सहिद परिवारको लागिग्यास चुलो सिलीन्डरको सेट बितरण गरिने छ ।

- संचार:
- गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम बिन्दबासिनी बासीले सूचना संचारको भरपुर उपयोग गर्न बिन्दबासिनी गाउँ स्तरीय एफ.एम. संचालन तथा ईन्टरनेट सहितको टेलिफोन सेवाका लागि आबश्यक पहल गरिनेछ ।

४. वातावरण तथा विपद व्यवस्थापन:

- **वन तथा भू-संरक्षणः**
- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- बाढी तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, तटबन्ध निर्माण, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ ।
- नदीलाई व्यवस्थित गरि तटबन्धको व्यवस्था गरिनेछ ।
- **जलवायु परिवर्तनः**
- गाउँपालिका भित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।
- **फोहोरमैला व्यवस्थापनः**
- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।
- **विपद व्यवस्थापनः**
- गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक( विपद व्यबस्थापन) कोषको व्यवस्था गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाहः

- **मानव संशाधन विकासः**
- गाउँपालिकाकामा उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

- सबै वडा कार्यालयहरु तथा गाउँपालिकामा नागरिक वडापत्रको व्यवस्था गर्दै चुस्त दुरुस्त सेवा प्रवाह तथा गुनासो सुन्ने आवश्यक संयन्त्र को व्यवस्थापन गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च राख्न गाउँपालिकाका उत्कृष्ट कर्मचारीलाई पुरस्कत तथा निकृष्ट कर्मचारीहरुलाई कडा कारवाही गरिनेछ ।
- आर्थिक वृद्धि दर( per capital income ) बढाउन को लागि तथा बेरोजगारी घटाउनको लागि गुडिया बनाउने तालिम , मैन बती तालिम ,मोबाइल मर्मत तालिम , कम्प्युटर तालिम ,कृषि व्यवसाय तालिम , फर्निचर बनाउनेतालिम , मेहदी तालिम,Beauticianतालिम ,अगरबती तालिम आदि को व्यवस्था गरिनेछ

- **सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**
- गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।
- कर्मचारीहरुको कार्यालय समय पालनासमन्धी आचरण लाई नियमित गर्न लगाइनेछ ।

६. **वित्तीय व्यवस्थापनर सुशासनः**

- **राजस्व परिचालनः**
- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ ।
- करका थप दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई व्ययस्थित तथा सजिलो बनाउन

गाउँघरमा नै गई कर संकलन अभियान संचालन गरिनेछ ।

- **बेरुजु फर्छ्यौटः**
- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गा.वि.स.का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- बेरुजु फर्छ्यौट नगर्ने व्यक्तिलाई कारवाही गरिने छ ।
- **सार्वजनिक सुनुवाईः**
- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- बिन्दबासिनी गाउँवासीमा गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरप्रति सुशासनको अनुभव दिलाउन सामाजिक परीक्षणको परिपाटी समेत अँगीकार गरिनेछ ।